सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

०७८-५०६६१

प.स.२०८१/८२
च.नं. १६३६

मितिः२०८२-०१-३०

श्री जिल्ला हुलाक कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)।

विषयः विवरण सार्वजनिक गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सुस्ता गाउँपालिकाको आ.व.२०८१।८२ को तेस्रो त्रैमासिक विवरण सहितको सूचना हक सम्वन्धि ऐन, २०६४ तथा नियमावली,२०६५ अनुसार सार्वजनिक गर्नुपर्ने विवरण यस कार्यालयको website मार्फत सार्वजनिक गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

विजय अधिकारी
सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग,काठमाडौं
श्री जिल्ला प्रशासन कार्यालय,परासी नवलपरासी (ब.सु.प.)

Email: - sustagaunpalika@gmail.com
www.facebook.com/sustamun.gov.np

☎ ०७८-५०६००१

# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

मितिः२०८२।०१।३०

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व.०८१।८२ को तेस्रो त्रैमासिकको स्वत प्रकाशन ।**

१.निकायको स्वरुप र प्रकृतिः लुम्बिनी प्रदेश अन्तर्गत १२ जिल्लाहरु मध्ये नवलपरासी (ब.सु.प) जिल्लामा अवस्थित सुस्ता गाउँपालिकाको पूर्वमा विनयी-त्रिवेणी गाउँपालिका र भारत, पश्चिममा प्रतापपुर गाँउपालिका र बर्दघाट नगरपालिका, उत्तरमा विनयी-त्रिवेणी गाउँपालिका र बर्दघाट नगरपालिका र दक्षिणमा भारत पर्दछन्। साविकका रुपौलिया (वडा न. १ र २ बाहेक), कुडिया, नर्सही, पक्लिहवा र त्रिवेणी सुस्ता गा.वि.स. वडा न. ४ लाई समायोजन गरी हाल ५ वटा वडाहरू कायम गरिएको छ। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ सडकखण्डको बर्दघाट देखि १५ कि.मि. दक्षिण पूर्वमा रहेको यो गाँउपालिकाको प्रमुख विषेशताहरुमा विशाल नारायणी नदीको तटीय क्षेत्र, गण्डकनहर, नारायणी नदीपारी रहेको सिमा समस्या ग्रस्त सुस्ता क्षेत्र, डुवान ग्रस्त क्षेत्र, उर्वर खेतियोग्य जमिन आदि हुन। भौगोलिक हिसावले हेर्दा समुन्द्र सतहबाट ८८ मि. देखि ८१२ मि. सम्मको उचाईमा विविधता भएको यो गाउँपालिकाको उत्तरी भेगमा चुरे पहाडी क्षेत्र पर्दछ भने दक्षिणी भू-भाग समथर भू-धरातल, उर्वर जमिन र नारायणी नदीको तटीय क्षेत्र पर्दछ। कुल ९६.५१ वर्ग कि.मि क्षेत्रफलमा यस गाँउपालिका फैलिएको छ।

गाउँपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतियोग्य जमिनको उपलब्धता भएकोले सिंचाइको उचित प्रबन्ध हुनसके कृषिको वैज्ञानिकीकरण र व्यावसायीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। गाँउपालिकामा हुने प्रमुख बालीहरूमा धान, गहुँ र मकै हुन भने नगदे वालीहरुमा उखु, दलहन बालीमा मुसुरो, केराउ रहर र मास, तेलहन बालीमा तोरी, सुर्यमुखी, तरकारीमा प्राय सबै प्रकारका तरकारीहरू, फलफुलमा विशेषगरी केरा र अन्यमा आँप, कटहर, लिची, मेवा, अम्बा, र अनार रहेका छन्। यी वाहेक यस गाउँपालिकामा रैथाने प्रजातिका अनवी र ठेलही जातको धानको समेत खेती हुने गर्दछ। गाउँपालिकामा एक ठूलो स्तरको खाडसरि चिनीमिल गाउँपालिका केन्द्र कुडियामा रहे तापनि अन्यठुला स्तरका उद्योगहरूको स्थापना हुन सकेको छैन। विषेश गरी कृषिमा आधारित प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ। हालका बडा केन्द्रहरू रहेका र अन्य केही विकसित भैरहेका स-सानाबजार केन्द्रहरू जस्तै कुडिया, रुपौलिया, बरुवा, महलबारी, नर्सही, महेन्द्रनगर, रामनगर, रतनगंज जस्ता बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरूको विकास भने भएको छैन। तर्सथ यहाँ कामना सेवा विकास बैक, एन. एम. वि बैङ्कका शाखाहरू कमश वडा न. १ र २ मा रहेका छन् भने आर्थिक क्रियाकलापहरुमा आएको बढोतरी सँगै वितिय संस्था, लघुवित्त तथा सहकारी संस्थाहरुको विस्तार हुदै गएको छ ।

अर्को तर्फ यस गाउँपालिकामा, पर्यटनको समेत राम्रो सम्भावना रहेको छ। विशेष गरी जल पर्यटन, कृषिपर्यटन र धार्मिक पर्यटनको प्रमुख सम्भावना रहेको पाइन्छ। नारायणीनदीको जलभण्डार साथै विभिन्न घोल क्षेत्रलाई तालको रूपमा विकास गरी जलपर्यटन प्रर्वद्धन गर्न सकिन्छ । अर्को तर्फ वडा न. १ को बालपुरी मठ र कोटेश्वर मन्दिर, वडा न. २ को कुवाँरवर्ती चुहाडी) मन्दिर र मदारबाबा मस्जिद, वडा न. ३ मा रहेको किन्न दुर्गा, कालिका, राम र शिवमन्दिरहरू, बडा न.४ को नारायणी किनार र वडान. ५ को ठाडीघाट अर्थात अनुमाघाट जहाँ गौतम बुद्धले कपालमुण्डन गरी ध्यान र ज्ञानको खोजीमा प्रस्थान गरेको पवित्र स्थल रहेकोले यी क्षेत्रको विकास र प्रचार प्रसार गरी धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ। त्यसैगरी नमुना कृषि क्षेत्रको रूपमा विकास गर्न सके कृषि अवलोकन भ्रमण मार्फत कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ।

२.निकायको काम,कर्तब्य र अधिकारःसुस्ता गाउँपालिका नेपालको संविधानको अनुसूची -८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची -९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सुची,स्थानीय सरकार संचालन ऐन,२०७४ ,संघ र लुम्विनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्वन्धी जारी गरिएका ऐन,नियम तथा अन्य कानूनी प्रवन्धहरु ,समय समयमा जारी हुने परिपत्रहरु एवं गाउँपालिकाको स्थानीय कानुनहरु (ऐन,नियमावली,कार्यविधी,निर्देशिका,मापदण्ड,मार्गदर्शन, र निर्णयहरु समेतले तोके बमोजिमको काम,कर्तब्य र अधिकार निर्दिष्ट छ ।

३.निकायबाट प्रदान गरिने सेवा , शाखा र कर्मचारी विवरणःगाउँपालिकाले प्रदान गर्ने सेवा साथै कर्मचारीहरुको विवरण सुस्ता गाउँपालिकाको वेबसाईट www.sustamun.gov.np मा समेत राखिएको छ ।

४.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिःयस गाउँपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण सुस्ता गाउँपालिकाले हरेक बर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन,नीति,कार्यक्रम बजेट,स्थानीय सरकार संचालन ऐन,२०७४,स्थानीय कानुन,नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ। यस सम्वन्धी व्यवस्था सुस्ता गाउँपालिकाको वेभसाईट www.sustamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

५.निर्णय गर्ने प्रकिया र अधिकारीः यस गाउँपालिकाको गाउँसभा ,नगर कार्यपालिकाको बैठक ,संङ्घीय तथा प्रदेश कानुन र स्थानिय ऐन, नियमावली,कार्यविधी,निर्देशिका,मापदण्ड,मार्गदर्शन, निर्णयहरु,प्रचलित अभ्यासहरुको अधिनमा रही पालिकाको संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्य विवरण स्पष्ट पारिएको छ ।

६.निर्णय उपर उजुरी सुन्ने अधिकारीःयस गाउँपालिकाको काम कारवाही सम्वन्धमा गुनासो तथा उजुरी सुन्नका लागि गुनासो अधिकारीको व्यवस्था गरिएको छ ।

**गुनासो सुन्ने अधिकारीको नाम थरः**विष्णु प्रसाद ढकाल

**पद/तहः** अधिकृत छैठौं

**ईमेलः**sustagaunpalika@gmail.com

**सम्पर्क नम्वरः**९८५७८०७५०

**७.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

**कार्यालय प्रमुखको नामः**हुमलाल भुसाल

**पदः**प्रमुख प्रशासकीय अधिकृत

**ईमेलः**sustagaunpalika@gmail.com

**सम्पर्क नम्वरः**९८५७०८२३२०

**सूचना अधिकारीको नामः** विजय अधिकारी

**पदः**सहायक पाँचौं

**सम्पर्क नम्वरः**९८५७०८२३०९

८.ऐन,नियम तथा कार्यविधिको सूचीः गाउँपालिकाले निर्माण गरेको ऐन,नियम तथा कार्यविधिको विस्तृत सूची www.sustamun.gov.np मा राखिएको छ।

९.आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणःयस गाउँपालिकाको आम्दानी ,खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरणहरु यस प्रकार रहेको छ।

# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७८-५०६००१


सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी

कोड : ८०५४७५०१३००

आय व्ययको बिबरण

/३१

| | आय | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात | शीर्षक | वार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| | ३२,६५,४८,०००.०० | १९,७६,१६,२४०.०० | ६०.५२ | १२,८९,३१,७६०.०० | चालु | ३३,५१,२६,००३.०० | १६,३१,९८,०८९.९३ | ४८.७ | १७,१९,२७,९१३.०७ |
| | ११,९०,००,०००.०० | ८,४५,८५,२००.०० | ७१.०८ | ३,४४,१४,८००.०० | २१११ पारिश्रमिक कर्मचारी | १०,०४,५८,०००.०० | ६,१८,७५,७००.९३ | ६१.५९ | ३,८५,८२,२९९.०७ |
| | १५,१२,४८,०००.०० | ९,५५,११,०४०.०० | ६३.१५ | ५,५७,३६,९६०.०० | २११२१ पोशाक | ५,६०,०००.०० | ३,३०,०००.०० | ५८.९३ | २,३०,०००.०० |
| | १,६३,००,०००.०० | ७५,२०,०००.०० | ४६.१३ | ८७,८०,०००.०० | २११२२ खाद्यान्न | १,५०,०००.०० | १०,०००.०० | ६.६७ | १,४०,०००.०० |
| | २,५०,००,०००.०० | ६२,५०,०००.०० | २५ | १,८७,५०,०००.०० | २११२३ औषधीउपचार खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | १,५०,००,०००.०० | ३७,५०,०००.०० | २५ | १,१२,५०,०००.०० | २११३२ महंगी भत्ता | ०.०० | ०.०० | ० | ०.०० |
| | २,६१,५०,०००.०० | १,००,१५,०००.०० | ३८.२९ | १,६१,३५,०००.०० | २११३३ फिल्ड भत्ता | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| | ८१,५०,०००.०० | ४०,७५,०००.०० | ५० | ४०,७५,०००.०० | २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ४,९९,०००.०० | ६२.३८ | ३,०१,०००.०० |
| | ९०,००,०००.०० | २९,७०,०००.०० | ३३ | ६०,३०,०००.०० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २५,००,०००.०० | ८,६७,७६०.०० | ३४.७१ | १६,३२,२४०.०० |
| | २०,००,०००.०० | ६,६०,०००.०० | ३३ | १३,४०,०००.०० | २११३९ अन्य भत्ता | १,००,०००.०० | ७८,०००.०० | ७८ | २२,०००.०० |
| | ०.०० | ०.०० | ० | ०.०० | २११४१ पदाधिकारी बैठक भत्ता | १४,००,०००.०० | ८,७६,६००.०० | ६२.६९ | ५,२३,४००.०० |
| | ७०,००,०००.०० | २३,१०,०००.०० | ३३ | ४६,९०,०००.०० | २११४२ पदाधिकारीअन्य सुविधा | ६०,००,०००.०० | ४४,४०,०००.०० | ७४ | १५,६०,०००.०० |
| | १२,१८,२२,०००.०० | ७,३५,६५,५२३.८० | ६०.३९ | ४,८२,५६,४७६.२० | २१२१२ कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | ३०,००,०००.०० | २१,०५,८४७.०० | ७०.१९ | ८,९४,१५३.०० | २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| | ७,६७,७९,५७६.०० | ४,४४,६३,६२४.५७ | ५७.९१ | ३,२३,१५,९५१.४३ | २१२१४ कर्मचारी कल्याण कोष | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| | २,७९,२०,४२४.०० | १,९९,०६,४२८.३९ | ७१.३ | ८०,१३,९९५.६१ | २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| | ४१,२२,०००.०० | ४६,३२,६२४.५५ | ११२.३९ | (५,१०,६२४.५५) | २१२२९ पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| | २५,००,०००.०० | २४,५६,९९९.२९ | ९८.२८ | ४३,०००.७१ | २२१११ पानी तथा बिजुली | २३,००,०००.०० | १३,६३,६४७.०० | ५९.२९ | ९,३६,३५३.०० |
| | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० | २२११२ संचार महसुल | ९,००,०००.०० | १,१३,८१३.०० | १२.६५ | ७,८६,१८७.०० |
| ट प्राप्त हुने | ६०,००,०००.०० | ०.०० | ० | ६०,००,०००.०० | २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | | | | | २२२११ इन्धन (पदाधिकारी) | ८,००,०००.०० | ३,६०,५६७.०० | ४५.०७ | ४,३९,४३३.०० |
| | १८,६३,०१,१७२.०० | २४,४८,५६,६१२.६१ | १३१.४३ | (५,८५,५५,४४०.६१) | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २१,००,०००.०० | ११,९२,८७२.०० | ५६.८ | ९,०७,१२८.०० |
| | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० | २२२१३ सवारी साधन मर्मत खर्च | ७,५०,०००.०० | ५,५६,७३०.०० | ७४.२३ | १,९३,२७०.०० |
| | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० | २२२१४ बिमा तथा नवीकरण खर्च | ३,००,०००.०० | २,४६,९७७.०० | ८२.३३ | ५३,०२३.०० |
| | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,१०,०००.०० | २,३८,८६९.०० | २३.६५ | ७,७१,१३१.०० |
| | १०,०००.०० | ०.०० | ० | १०,०००.०० | २२२९१ अन्य सम्पतिहरूको संचालन तथा सम्भार खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १६,१०,०००.०० | ११,७९,९३९.०० | ७३.२९ | ४,३०,०६१.०० |
| | ५,०००.०० | ०.०० | ० | ५,०००.०० | २२३१२ पशुपंक्षीहरूको आहार | ८,१८,०००.०० | ६,१७,८५०.०० | ७५.५३ | २,००,१५०.०० |
| | २०,०००.०० | ०.०० | ० | २०,०००.०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ६६,५९,०००.०० | २९,१६,४६४.०० | ४३.८ | ३७,४२,५३६.०० |

प्रशासन प्रमुख

सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
☎ ०७८-५०६००१


सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी

कोड : ८०५४७५०१३००

आय व्ययको बिबरण

२/३१

| आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० | २२३१४ इन्धन - अन्य प्रयोजन | ३,००,०००.०० | १७,२१६.०० | ५.७४ | २,८२,७८४.०० |
| | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३५,००,०००.०० | २२,५६,८५६.०० | ६४.४८ | १२,४३,१४४.०० |
| | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० | २२३१९ अन्य कार्यालय संचालन खर्च | १४,५०,०००.०० | ०.०० | ० | १४,५०,०००.०० |
| | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० | २२४११ सेवा र परामर्श खर्च | १३,५५,५०४.०० | ४,१२,००४.०० | ३०.३९ | ९,४३,५००.०० |
| | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| | २०,०००.०० | ०.०० | ० | २०,०००.०० | २२४१३ करार सेवा शुल्क | ४,२९,०९,५००.०० | २,७४,७१,३५५.०० | ६४.०२ | १,५४,३८,१४५.०० |
| | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० | २२४१४ सरसफाईसेवा शुल्क | २,५०,०००.०० | ४२,३००.०० | १६.९२ | २,०७,७००.०० |
| | १४,००,०००.०० | ०.०० | ० | १४,००,०००.०० | २२४१९ अन्य सेवा शुल्क | ०.०० | ०.०० | ० | ०.०० |
| | ६५,०००.०० | ०.०० | ० | ६५,०००.०० | २२५११ कर्मचारी तालिम खर्च | २८,९०,०००.०० | ३,०७,९२३.०० | १०.६५ | २५,८२,०७७.०० |
| | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २६,६०,०००.०० | ७,०६,०१०.०० | २६.५४ | १९,५३,९९०.०० |
| | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| | ३,८०,०००.०० | ०.०० | ० | ३,८०,०००.०० | २२५२२ कार्यक्रम खर्च | ७,९२,११,०००.०० | २,२२,३२,१४०.०० | २८.०७ | ५,६९,७८,८६०.०० |
| | १७,५३,०१,१७२.०० | २४,४८,५६,६१२.६१ | १३९.६८ | (६,९५,५५,४४०.६१) | २२५२९ विविध कार्यक्रम खर्च | ५,५१,९७,६७२.०० | २,५६,२८,०१०.०० | ४६.४३ | २,९५,६९,६६२.०० |
| जम्मा | ६६,०८,२१,१७२.०० | ५२,६०,५३,३७८.४१ | ७९.६ | १३,४७,६७,७९५.५९ | २२६११ अनुगमन, मूल्यांकन खर्च | ७,९८,३२७.०० | ६७,३००.०० | ८.४३ | ७,३१,०२७.०० |
| | | | | | २२६१२ भ्रमण खर्च | २१,५०,०००.०० | १४,९४,२८२.०० | ६९.५ | ६,५५,७१८.०० |
| | | | | | २२६१९ अन्य भ्रमण खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | | | | | २२७११ विविध खर्च | ४२,००,०००.०० | २२,२१,८९९.०० | ५२.९ | १९,७८,१०१.०० |
| | | | | | २२७२१ सभा सञ्चालन खर्च | ८,००,०००.०० | ८,७००.०० | १.०९ | ७,९१,३००.०० |
| | | | | | २५३१२ स्वास्थ्य संस्थाहरूलाई सहायता | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| | | | | | २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १,७५,०००.०० | ०.०० | ० | १,७५,०००.०० |
| | | | | | २७११२ अन्य सामाजिक सुरक्षा | १,५०,०००.०० | १४,०००.०० | ९.३३ | १,३६,०००.०० |
| | | | | | २७२११ छात्रवृति | १७,३२,०००.०० | ९,४०,८००.०० | ५४.३२ | ७,९१,२००.०० |
| | | | | | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| | | | | | २७२१३ औषधीखरिद खर्च | १७,३२,०००.०० | ५,९७,०३५.०० | ३४.४७ | ११,३४,९६५.०० |
| | | | | | २७२१९ अन्य सामाजिक सहायता | २,५०,०००.०० | १,६१,५००.०० | ६४.५९ | ८८,५००.०० |
| | | | | | २८१४२ घरभाडा | २,००,०००.०० | १,०७,८११.०० | ५३.९१ | ९२,१८९.०० |
| | | | | | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ११,००,०००.०० | ६,६६,१००.०० | ६०.५५ | ४,३३,९००.०० |
| | | | | | २८१४९ अन्य भाडा | ०.०० | ०.०० | ० | ०.०० |
| | | | | | २८२१९ अन्य फिर्ता | ५,००,०००.०० | ८०,०६०.०० | १६.०१ | ४,१९,९४०.०० |
| | | | | | पुंजीगत | ३२,४१,९५,१६९.०० | ३,१७,३२,०१३.८८ | ९.७८ | २९,२४,६३,१५५.१२ |

प्रशासकीय अधिकृत प्रमुख

सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
☎ ०७८-५०६००१


सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी

कोड : ८०५४७५०१३००

## आय व्ययको बिबरण

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११११ आवासीय भवन निर्माण/खरिद | २,५५,००,०००.०० | ०.०० | ० | २,५५,००,०००.०० |
| | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,९५,००,०००.०० | ९,५९,५०४.०० | ३.२५ | २,८५,४०,४९६.०० |
| | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९३,००,०००.०० | ०.०० | ० | ९३,००,०००.०० |
| | ३१११४ जग्गा विकास कार्य | ०.०० | ०.०० | ० | ०.०० |
| | ३११२१ सवारी साधन | ३६,००,०००.०० | ०.०० | ० | ३६,००,०००.०० |
| | ३११२२ मेशिनरी तथा औंजार | ८१,११,६७३.०० | २६,१७,१११.०० | ३२.२६ | ५४,९४,५६२.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | ४८,००,०००.०० | ११,९०,०६६.०० | २४.७९ | ३६,०९,९३४.०० |
| | ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ३५,००,०००.०० | ९,९३,६७६.०० | २८.३९ | २५,०६,३२४.०० |
| | ३११३५ पूँजीगत परामर्श खर्च | २०,००,०००.०० | ९,८४,११७.०० | ४९.२१ | १०,१५,८८३.०० |
| | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | १४,६३,५०,१३२.०० | १,४७,५६,७३३.०० | १०.०८ | १३,१५,९३,३९९.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | १,१५,००,०००.०० | ३२,००,२३६.८८ | २७.८३ | ८२,९९,७६३.१२ |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | ४०,८५,०००.०० | ९,८६,३२४.०० | २४.१५ | ३०,९८,६७६.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | ११,००,०००.०० | ०.०० | ० | ११,००,०००.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ३३,५०,०००.०० | १,७८,९५४.०० | ५.३४ | ३१,७१,०४६.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ५,४३,०८,३६४.०० | ३९,७४,८१८.०० | ७.३२ | ५,०३,३३,५४६.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,०८,९०,०००.०० | ११,७०,१४९.०० | १०.७५ | ९७,१९,८५१.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १७,००,०००.०० | ७,२०,३२५.०० | ४२.३७ | ९,७९,६७५.०० |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| | वित्तीय | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| | ३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| | जम्मा | ६६,०८,२१,१७२.०० | १९,४९,३०,१०३.८१ | २९.४९ | ४६,५८,९१,०६८.१९ |

आर्थिक प्रशासन प्रमुख

१०) गाउँपालिका अन्तरगत विभिन्न शाखाले गरेको कार्यक्रम र सोको प्रतिवेदनः

**योजना शाखा तथा भौतिक पुर्वाधार शाखा**

| विवरण | संख्या |
|---|---|
| चालु आ.ब. मा हालसम्म ठेक्का लागेका कुल योजना संख्या। | २२ वटा |
| ठेक्का लागी सम्पन्न भएका योजना संख्या सम्पन्न | २ वटा |
| उपभोक्ता समिति संग सम्झौता भइ सम्पन्न भएका आयोजना । | २० वटा |
| जम्मा सम्झौता भएका योजना संख्या | ८८ वटा |
| गत वर्षको दायित्व सरी आएका ठेक्का कार्य सम्पन्न भई भुक्तानी भएको | ० वटा |

| क्र.स. | कामको विवरण | २०८१-८२ मा गरको कार्यहरु समग्रमा | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा नाप जांच | १५८ वटा कित्ता नाप जांच | वार्ड न.०१ देखि वार्ड न.०५ सम्म | |

**न्यायिक समिति**

आ.व.२०८१।०८२ मा सम्पादन गरिएका मुख्य कार्यहरु:

- ❖ यस आ व को चैत मसान्तसम्ममा ३० वटा मुद्दामध्य २१ वटा मिलापत्र भएको र ३ वटा अदालती प्रकृयामा गएको, १ वटा ढिसमिस भएको र ५ वटा विचाराधिनमा रहेको छ ।

| उजुरीको प्रकृति | दर्ता भएको उजुरी संख्या | मिलापत्र भएको संख्या | अदालती प्रकृयामा गएको | ढिसमिस भएको | विचाराधिन |
|---|---|---|---|---|---|
| सम्बन्ध विच्छेद ,जग्गा खिचलो ,जग्गा अंश,आली सिमाना मिचेको, बाली नोक्सानी,बैवाहिक सम्बन्ध,बाटो छेकी अवरोध गरेको | ३० | २१ | ३ | १ | ५ |

**जिन्सी शाखा**

- गाउँपालिकाका एम्बुलेन्स, गाडी तथा मोटरसाइकलहरु मर्मत सम्भार गरी दुरुस्त राखिएको ।
- गाउँपालिकाका लागि आवश्यक मसलन्द सामाग्रीहरु व्यवस्थापन गरिएको ।
- गाउँपालिकाका लागि आवश्यक छपाई सम्बन्धी काम गरिएको ।
- गाउँपालिकामा आ.ब. ०८१/०८२को चैत मसान्तसम्ममा २१५ वटा विभिन्न फर्म, संघ संस्थाहरुको मौजुदा सूचिको अभिलेख दर्ता पुस्तिकामा प्रविष्टि गरिएको ।

☎ ०७८-५०६००१

# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

## महिला तथा बालबालिका शाखा

| क्र.स. | क्रार्यक्रम | लक्षित समुह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | छोरी सुनौलो भविष्य कार्यक्रम | नवजात शिशु (छोरी) | १६३ जना | वडा नं.१ देखि ५ सम्मका हालसम्म |
| २ | राष्ट्रिय बाल दिवसको अवसरमा आधारभूत तथा माध्यमिक तह स्तरीय निवन्ध लेखन प्रतियोगिता | बालबालिका | ३५ जना | |
| ३ | गाउँपालिकाको आयोजना तथा पालिका स्तरीय महिला संजालको समन्वयमा खुल्ला तीज गीत प्रर्दशनी कार्यक्रम | पालिका भित्रका विविध समुदायका महिलाहरु | १८ समुह | १ देखि ५ सम्मका |
| ४ | थारु समुदायका महान पर्व जितियाको अवसरमा गाउँपालिकाको आयोजनामा गाउँपालिका तथा पालिका स्तरीय महिला संजालको समन्वयमा झम्टा, डण्डिया, झुम्रा तथा मौलिक साँस्कृतिक झल्कने प्रदर्शनी कार्यक्रम | पालिका भित्रका थारु समुदायका महिलाहरु | १९ समुह | १ देखि ५ सम्मका |
| ५ | जेसी अडिट कार्यक्रम | पालिका भित्रका महिला सन्जाल तथा महिला जनप्रतिनिधिहरु तथा कर्मचारीहरु | ६० जना | |
| ६ | नेतृत्व विकास तथा उदघोषण तालिम | पालिका भित्रका महिला सन्जाल तथा महिला जनप्रतिनिधिहरु | ६० | १ देखि ५ सम्मका |
| ७ | अपाङ्गता परिचयपत्र वितरण | अपाङ्गता भएका व्यक्तिहरु | १९ जना | ५ जना क वर्ग, १० जना ख वर्ग, ५जना ग वर्ग र ५ जना ० वर्ग |

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
☎ ०७८-५०६००१

**स्वास्थ्य शाखा**

- बार्षिक समिक्षा सम्पन्न ।
- नियमित खोप कार्यक्रमको सूक्ष्म योजना सम्पन्न ।
- नियमित गाउँघर क्लिनिक हरेक महिनाको ६ गते देखी ९ गते सम्म ।
- गर्भवती महिलालाई निशुल्क क्याल्सियम र फोलिक एसिड चक्की वितरण ।
- भिटामिन ए कार्यक्रम गरिएको ।
- क्षयरोग तथा कुष्टरोगको अर्धबार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको
- स्वास्थ्य व्यवस्थापन समितिको तालिम र पोषिलो खाना प्रदशनी कार्यक्रम सम्पन्न गरिएको ।
- पूर्ण खोप सुनिश्चितता कार्यक्रमका लागि खोज र खोप कार्यक्रम सम्पन्न गरिएको ।
- VIA TEST सबै वडाहरुमा संचालन गरिएको ।

**शिक्षा शाखा**

- विधार्थी खाजा, पुस्तक, छात्रवृत्रि, बुक कर्नर, विद्यालय व्यवस्थापन, एस आई पि, सामाजिक लेखापरिक्षण, धार्मिक अनुदान निकासा गरिएको ।
- सबै शिक्षकको तलव भत्ता निकासा गरिएको
- स्थानिय पाठ्यपुस्तक छपाई गरिएको
- सामुदायिक विद्यालयहरुलाई डेस्कटप, डेस्कबेन्च खरिद गरी वितरण गरिएको
- कक्षा ५ र ८ को परिक्षा संचालन गरि नतिजा प्रकाशन गरिएको

**कृषि शाखा एवं पशु सेवा शाखा**

सुस्ता गाउँपालिका को कृषि बिकाश शाखा बाट आ.ब मिति २०८१।८२ मा हालको सम्म प्रगति विवरण ।

☎ ०७८-५०६००१

# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

| क्र.स | कार्यक्रम नाम | क्रियाकलाप तथा उपलब्धि |
|---|---|---|
| १ | बेमौसमि तरकारि खेति ब्यवस्थापन कार्यक्रम | कार्यक्रम गा. गा वडा न १ देखि ५ सम्मका १७५ जना अगुवा किसान १७५ जना अगुवा किसान लाई मौसमि तरकारि भन्दा अगाडि वा पछाडि तरकारि उत्पादन गर्ने तरिका बारे बिविध जानकारि दिनुका साथै बैज्ञानिक तरकारि खेति बारे जानकारि दिइयो । |
| २ | मकै बिँउ वितरण कार्यक्रम | सो कार्यक्रम मकै बिउँ माग सुचना प्रकासन गरि किसान माग बोमजिमको बिउँ वितरण गरियो ।<br>हिउदैं मकै भएका कारण यस गा.पा को मकै उत्पाद बिद्धि हुने र मकै खेति क्षत्रफल बढ्ने देखियो । |
| ३ | बालि उपचार शिविर कार्यक्रम | सो कार्यक्रम्म गा. गा वडा न १ देखि ५ सम्मका ४७५ जना किसानको बालि नालि देखिएको रोग किरा झारपात बिज्ञ बाट उपचार गराउनको साथै निसुल्क जैविक बिसादि किरा मार्ने पासो वितरण गरि कार्यक्रम संचालन गरियो |
| ४ | तरकारि मिनिकिट वितरण | यस गा.पा दर्ता भएका बिभिन्न कृषक समुह लाई स्रोत भय सम्म मिनिकिट तरकारि गुणस्तरिय बिउँ बितरण गरियो ।<br>किसान तरकारि खेतिमा अग्रसर हुने तरकारी खेतिमा आत्मनिर्भर हुने अपेक्षा गरियो । |
| ५ | बालि संरक्षण कार्यक्रम | गा. गा वडा न १ देखि ५ सम्मका किसानहरु बालिनालिमा समस्या आई कृषि शाखामा आउनु भएका किसान लाई बालि परिक्षण गरि ३०० जना किसान लाई निसुल्क बिसादि किरा मार्ने पासो वितरण गरि कार्यक्रम गरियो ।<br>किसान लाई सहज सरल तरिकाले बालि उपचार गराई निसुल्क बिभिन्न बिषादि बितरण गरियो |
| ६ | कृषि सम्बन्धि सचेना सन्देशमुलक सामाग्रि वितण | यस गा.पा मा उत्पादन हुने ब्यवसायिक वालिका सचेतना सन्देशमुलक सामाग्रि छपाई किसान लाई वितरण गरियो ।<br>सामाग्रिमा चित्र र कलर प्रिन्ट भएकाले रोग किरा चित्र हेरेर छुट्याउन सजिलो र पढ्न सकिने |
| ७ | मुख्य खाद्यायन्न बालि केरा तरकारि बालि रोग किरा ब्यवस्थापन | अगुवा किसान १५० जना यस गा.पा का प्रमुख बालि रोग किरा तिनको क्षतिको अवस्था बारे जानकारि दिनुका साथै स्थल रुपमा रोग किरा परिचान बारे ज्ञान दिईयो<br>यन्त्रीक बिधि जैविक र रासाईनिक बिधि बाट रोग किरा ब्यवस्थापन जानकारि दिईयो । |
| ८ | कृषक पाठशाला कार्यक्रम (२) | १६ हप्ता सम्म कृषक लाइ कक्षा कोठाको सट्टा खेतबारीमै व्यवहारिक प्रयोगात्मक खोजपुर्ण तरिका बाट नियमित रुपमा पर्यावरण प्रणालिको अवलोकन विश्लेषण र समुहमा छलफलको आधारमा ठोस निर्यण लियर तत्काल खेतबारीमा आयका समस्याको समधान गर्न सक्ने गरी किसान लाई दक्ष बनाउने कार्यक्रम गरियो । |

| | | |
|---|---|---|
| ९ | च्याउ खेति पबर्द्धर्न कार्यक्रम | सुस्ता गा.पा वडा न. १ देखि ५ सम्मका ३०० जना किसान च्याउ खेति उत्पादन सम्बन्धि सैद्धान्तिक ब्यवहसरिक ज्ञान दिई निसुल्क च्याउको बिँउ बितरण गरियो ।<br>च्याउ खेति-पोषण युक्त हो र थोरै लगानिमा धैरै आम्दानि लिन सकिन्छ र छोटो समयमा प्रचुर लाभ दिन्छ ज्ञान दिईयो। |
| १० | कृषक सँग प्राविधिक कार्यक्रम | यस गा.पा का कृषि प्राविधिक हरु कार्यलय समय भन्द्धा अघि वा पछि किसानको खेतबारिमा गई किसानको खेतबारिमा भएका समस्या गर्ने उद्देश्यले करिब ५०० घरदुरिमा सेवा दिईयो ।<br>जसले गर्दा किसानले सजिलै घर खेतमै प्राविधिक संग अन्तरक्रिया गर्ने मोका दिइयो । |
| ११ | ५०% लागत साझेदारिमा गँहुको बिँउ बितरण कार्यक्रम | कृषक लागि सहज तरिका बाट ५०% लागत सहभागितामा पालिकामै गुणस्तरिय उन्नत गहुँको बिँउ बितरण गरियो ।<br>सो अन्य ठाँउ भन्दा बिश्वासिलो सरकारी कार्यलय कृषि सामाग्रि बाट बिउ खरिद गरेको थियौँ जसले गर्दा गहुँ उत्पादमा हुनुका साथै रोग किरा कम लाग्ने अपेक्षा गरेको छ । |

सुस्ता गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी (ब.सु.प)

लुम्बिनी प्रदेश, नेपाल

☎ ०७८-५०६००१


सुस्ता गाउँपालिका ( पशु सेवा शाखा) तर्फ आ .व २०८१/८२ ( माघ ,फाल्गुन र चैत्र ) महिना सम्म सम्पन्न भएको कार्यक्रमहरु:

| सि.न | कार्यक्रम | क्रियाकलाप र उपलब्धि |
|---|---|---|
| ०१ | माछा पालन तालिम | ➢ सुस्ता गाउपालिका भित्रका ५० जना माछापालक,कृषकहरुलाई माछा,पालन तालिममा ( रोग,पोखरी व्यव्स्थापन ,दाना व्यव्स्थापन) सम्वन्धि ज्ञान उपलब्ध गराइयो ।<br>➢ आगामी बर्षमा माछा उत्पादन बढ्ने अपेक्षा गरियो । |
| ०२ | घासको बिउ वितरण कार्यक्रम | ➢ सुस्ता गाउपालिका भित्रका १२६ जना कृषक/कृषि समुह /फार्महरुलाई सुडान घासको बिउ वितरण गरियो ।<br>➢ दुध-उत्पादन बढ्ने र कृषकहरु हरियो घासमा आधारित पशु पालनमा प्रेरित हुने अपेक्षा गरियो । |
| ०३ | खोरेत रोग विरुद्ध खोप कार्यक्रम | ➢ सुस्ता गाउपालिका भित्र रहेका सम्पूर्ण गाई/भैसीहरुलाई खोरेत रोग विरुद्धको खोप लगाईएको।<br>➢ खोपको महत्व र रोग सम्वन्धि चेतना विकास हुने अपेक्षा। |
| ०४ | माछाको भुरा वितरण | ➢ सुस्ता गाउपालिका भित्रका ३४ जना माछा पालक कृषकहरुलाई ६ जातको माछा भुरा वितरण गरियो ।<br>➢ माछा पालक कृषकहरु माछा पालनमा प्रेरित हुने र माछा उत्पादन बढ्ने अपेक्षा गरियो । |
| ०५ | नियमित सेवा (औषधि वितरण ,उपचार) | ➢ सुस्ता गाउपलिका भित्र रहेका ५०० जना कृषकहरुलाई निशुल्क औषधि वितरण ,उपचार) गरियो । |
| ०६ | दूधजन्य विविधिकरण तालिम | ➢ सुस्ता गाउपालिका अन्तर्गत (१-५) न. वडाहरुमा दूधजन्य विविधिकरण तालिम सम्पन्न भएको ..<br>➢ तालिममा सहभागी १२५ जना कृषकहरुलाई दुधबाट वन्ने बिभिन्न परिकार जस्तै ( पनिर,दहि र खोवाको बारेमा सैधान्तिक र प्रयोगात्मक सिकाई उपलब्ध गराइएयो । |
| ०७ | नश्ल सुधार कार्यक्रम | ➢ सुस्ता गाउपालिका अन्तर्गत (१-५) न. वडाहरुका ८३३ जना पशुपालक कृषकहरुलाई कृत्तिम गर्वधान बापत प्रति गाई/भैसी रु ३०० उपलब्ध गराइयो ।<br>➢ नश्ल सुधार कार्यक्रमले A.I मार्फत नश्ल सुधार गरि दुध उत्पादान बढ्ने अपेक्षा। |

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
☎ ०७८-५०६००१

**व्यक्तिगत घटना दर्ता**

**घटना र दर्ताको समय अन्तर अनुसार प्रतिबेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**जिल्ला**: नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) **गा.पा/न.पा.**: सुस्ता **दर्ता मिति देखि**: २०८१-१०-०१ **दर्ता मिति सम्म**: २०८१ चैत मसान्त सम्म

| क्र.स. | घटना | जम्मा |
|---|---|---|
| १ | जन्म | १८२ |
| २ | मृत्यु | ६१ |
| ३ | सम्बन्ध बिच्छेद | ५ |
| ४ | विवाह | १०९ |
| ५ | बसाई सरी आएको | ३ |
| ६ | बसाई सरी जाने | ३० |
| **जम्मा** | | ३७९ |

**सामाजिक सुरक्षा भत्ता**

EFT बाट सामाजिक सुरक्षा भत्ता निकाशा गरिएको।

**सूचना प्रविधि शाखा**

- गाउँपालिकामा रिक्त रहेको सूचना प्रविधि अधिकृत पदमा पदपुर्ति गर्ने काम गरी शाखाबाट गाउँकार्यपालिकाको कार्यालयलाई प्रविधिमैत्री बनाउन आवश्यक कामहरु गरिदै लगिएको ।

**लघु उद्यम शाखाः**

आ.व. ०८१।८२ को चैत मसान्त सम्म

- सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न भएको ।
- सुस्ता गाउँपालिका वडा नं २ र ५ मा उधमशिलता तालिम सम्पन्न भएको।
- **सिप विकास तालिम** वडा नं २ र ५ मा सम्पन्न भएको ।
- स्तरउन्नति तर्फ वडा नं ५ मा दालमोट भुजिया सिप विकास तालिम सम्पन्न भएको ।
- स्तरउन्नति तर्फ वडा नं २ मा सिलाईकटाई तालिम र पटेरको सामाग्री उत्पादन बनाउने तालिम सम्पन्न भएको ।

**लघु उद्यम (व्यवसाय दर्ता) शाखाको आर्थिक बर्ष २०८१।०८२ को तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन**

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
☎ ०७८-५०६००१

| | | | | |
|---|---|---|---|---|
| १ | नयाँ व्यवसाय दर्ता | सुस्ता गा.पा. अन्तरगत व्यवसाय गर्ने सम्पूर्ण व्यवसायीहरु | ५ वटा | उद्योग तर्फ– ४ वटा<br>वाणिज्य तर्फ– १ वटा |
| २ | नविकरण | सुस्ता गा.पा. अन्तरगत व्यवसाय दर्ता गरेका सम्पूर्ण व्यवसाय | २० वटा | सुस्ता गा.पा. वडा नं. १ देखि ५ सम्म |
| ३ | खारेज | सम्भावित उद्यमीहरु | २ वटा | सुस्ता गा.पा. वडा नं. १ देखि ५ सम्म |

**रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत)**

| क्र.सं. | आयोजना | वडा | प्रगति (मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी पाइपलाइन विस्तार | १ | २५००मिटर | - |
| २ | कृषि बाटो | २ | १००० मिटर | - |
| | कृषि बाटो | ३ | १००० मिटर | |
| ३ | खानेपानी पाइपलाइन विस्तार | २ | ६०० मिटर | |
| ४ | खानेपानी पाइपलाइन विस्तार | ४ | ९०० मिटर | - |
| ५ | कृषि बाटो | ४ | ९०० मिटर | - |
| | जम्मा | | | |

- **०८१।०८२ मा रोजगार प्राप्त व्यक्ति संख्याः ५०**
- **जम्मा श्रमिक दिनः १७०० दिन**
- **प्रति व्यक्ति श्रमिक दिनः ३४**
- **श्रम स्वीकृत सहजीकरणः १२५**
- **विदेशमा मृत्यु भएका घर परिवार लाई क्षतिपुर्तिमा सहजिकरणः ३ जना**
- **विदेशमा मृत्यु भएको शव झिकाउने र शव ढुवानीमा सहजिकरणः २ जना**
- **विदेशमा मृत्यु भएकाको छोरा/छोरीहरु लाई छात्रवृतिमा सहजिकरणः २ जना।**

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७८-५०६००१

यस पालिकामा हालसम्म १४ वटा ऐन, ४ वटा नियमावली, २१ कार्यविधि लगायत २ वटा निर्देशिका कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । जसको विवरण यस प्रकार छ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नर्म्सको संख्या हालसम्मको | १४ | ४ | २१ | २ | नभएको | ४१ |
| २०८०।८१ मा | ३ | | ७ | | | १० |

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ऐन | १४ | १. प्रशासकीय कार्यबिधी २०७५ - |
| | | | २. निर्माण व्यवसाय ऐन २०७४ |
| | | | ३. सुस्ता गाउपालिकाको शिक्षा ऐन २०७४ |
| | | | ४. सुस्ता गाउँपालिकाको सहकारी ऐन २०७४ |
| | | | ५. कृषि व्यवसाय प्रर्वद्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ |
| | | | ६.फोहरमैला व्यवस्थापन ऐन २०७४ |
| | | | ७. सुस्ता गाउँपालिकाका पदाधिकारीहरुको अचार सहिता २०७४ |
| | | | ८. सुस्ता गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ |
| | | | ९. गाउँपालिका विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६ |
| | | | १०. सुस्ता गाउँपालिका न्यायिक समिति (कार्यविधी सम्बन्धी) ऐन,२०७५ |
| | | | ११. स्थानिय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ |
| | | | १२. सुस्ता गाउँपालिका आर्थिक ऐन,२०८० |
| | | | १३. सुस्ता गाउँपालिका शिक्षा (पहिलो संसोधन)ऐन, २०८० |
| | | | १४. सुस्ता गाउँपालिका विनियोजन ऐन, २०८० |
| २ | नियमावली | ४ | १.सुस्ता गाउँपालिका (कार्य सम्पादन) नियमावली २०७४ |
| | | | २.सुस्ता गाउँपालिकाको बैठक संचालन तथा व्यवस्थापन (कार्यविधी) नियमावली २०७४ |
| | | | ३. सुस्ता गाउँसभा संचालन तथा व्यवस्थापन (कार्यविधी) नियमावली, २०७४ |
| | | | ४.सुस्ता गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधी) नियमावली, २०७४ |
| ३ | कार्यविधि | २१ | १.स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५ |
| | | | २.सुस्ता गाउँपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ |
| | | | ३.टोलविकास संस्था संचालन कार्यविधि, २०७५ |
| | | | ४.स्थानीय तहको उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ |
| | | | ५.नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| | | | ६.अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७६ |
| | | | ७.सुस्ता गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७८ |
| | | | ८.सुस्ता गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि, २०७८ |
| | | | ९.शिक्षक अनुदान कार्यविधी,२०७८ |
| | | | १०.गाई तथा भैसी सुत्केरी पोषण कार्यक्रम संचालन कार्यविधि, २०७९ |
| | | | ११.सुत्केरीसँग उपाध्यक्ष तथा पोषण भत्ता वितरण कार्यविधि, २०७९ |
| | | | १२.छोरी सुनौलो भविष्य कार्यक्रम संचालन कार्यविधि, २०७९ |
| | | | १३.विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ |
| | | | १४.कर्मचारी आन्तरिक पर्यटन काज कार्यक्रम(संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७९ |
| | | | १५.सुस्ता गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धि कार्यविधि,२०८० |
| | | | १६.सुस्ता गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधी २०८० |
| | | | १७.सुस्ता गाउँपालिकाको कृषि तथा पशुपालन कृषक समूह, कृषक समिति दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८० |
| | | | १८.सुस्ता गाउँपालिका खेलकुद विकास समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि,२०८० |
| | | | १९.सुस्ता गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि २०८०" |
| | | | २०.सुस्ता गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८० |
| | | | २१.अध्यक्ष शिक्षित रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०८० |
| ४ | निर्देशिका | २ | १.जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७५ |
| | | | २.सुस्ता गाउँपालिकाको आर्थिक कार्यसंचालन निर्देशिका,२०७९ |

११.सूचनाको माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विवरणः

☎ ०७८-५०६००१

# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले गाउँपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। आ.व.०८१।८२ को तेस्रो त्रैमासिक (चैत मसान्तसम्ममा ) सूचना माग गर्ने व्यक्तिको विवरण तपसिल बमोजिम रहेको छ।

| क्र. स. | सुचना माग गरेको मिति | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कै |
|---|---|---|---|---|
| १ | २०८१।११।१९ | नविन पौडेल, नविना घिमिरे, पर्वत उपाध्याय | वातावरण निरीक्षक सम्वन्धी नियुक्ति लगायतको विवरणको वारे सुचना पाउँ भन्ने वारे | |
| २ | २०८१।१२।०८ | श्याम बुचा मगर | नदिजन्य पदार्थको निकासी सम्वन्धी सुचना पाउँ भन्ने वारे | |